**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १२ प्रमाणीकरण मिति :- २०७६/१०/१४

प्रकाशन मिति :- २०७७/१०/२९

## भाग - २

## राजश्व संकलन कार्यान्वयन नियमन कार्यविधि, २०७६

**१. प्रस्तवना :-**

भजनी नगरपालिका पशु सेवा शाखा द्वारा सञ्चालित कार्यक्रम दिईने सेवा सुविधा तथा व्यवस्थापन वापत कृषक/व्यवसायिक/फर्म/समुह/समिती/सहकारीहरुलाई राजश्वको दायरा भित्र ल्याउन, अपनत्व, कर्तव्य बोध गराउनका साथै राजश्व संकलनलाई नियमन गर्न **"राजश्व संकलन कार्यान्वयन कार्यविधि २०७६"** तयार गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ :-**

क) यस कार्यविधिको नाम **"राजश्व संकलन कार्यान्वयन नियमन कार्यविधि २०७६"** रहने छ ।
ख) यो कार्यविधि नगरपालिकाको ऐन अनुसार स्वीकृत भएको मिती देखि तत्काल लागु गरिने छ ।

**३. परिभाषा :-**

अर्को अर्थ नलागेमा यस शब्दको निम्न अनुसार परिभाषा गरिनेछ ।

क) पशु :- पशु भन्नाले कृषकले पालेका घर पालुवा जनावर सम्झनु पर्नेछ । साथै यसले जंगली जनावर पंक्षी तथा माछा समेतलाई सम्झनु पर्दछ ।

ख) सानापशु :- साना पशु भन्नाले घर पालुवा शारिरीक वनावट साना भएका पशु भेडा, बाख्रा, बंगुर/सुंगुर, बोका, थुमा, विर, छतौरा छतौरी, पाठापाठी सम्झनु पर्दछ ।

ग) ठुला पशु :- ठुला पशु भन्नले घरपालुवा शारिरीक वनावट ठुला भएका पशु गाई/गोरु, बहर, बाच्छा बाच्छी, भैसी, राँगा, पाडापाडीलाई सम्झनु पर्दछ ।

घ) धेरै ठुला पशु :- धेरै ठुला पशु भन्नले घरपालुवा शारिरीक वनावट धेरै ठुला भएका पशु हात्ती उटलाई सम्झनु पर्दछ ।

ङ) पंक्षी :- दुईवटा खुट्टा भएका पखेटा भएका पशुलाई पंक्षी कुखुरा, हाँस, टर्की, लौकट, बट्टाई, सुगा, मैनाचरी आदिलाई सम्झनु पर्दछ ।

च) जंगली पशु : घर पालुवा वाहेक जंगलमा पाईने जंगाली जनावर (बाघ, चितुवा, स्याल, फ्याउरो, ब्वासो, हाती, गैडा, भालु, चितल, घोरल, थारल, निलगाई आदि सम्झनु पर्दछ ।

छ) सोख (रहरका) लागी पालिने पशु :- पशुहरुमा कुकुर, विरालो र पंक्षीहरुमा सुगा, मैना चरी आदि ।

ज) पशु पालनफर्म :- व्यावसायिक रुपमा मुख्य पेशा बनाई पशु उत्पादनका लागी सञ्चालन गरिने स्थल, स्थान विशेषलाई फर्म मानिनेछ । पशु पालन फर्म दर्ता कार्यविधि २०७६ अनुसार यी फर्महरुलाई तिन किसिममा विभाजन गरिएको छ ।

अ) साना पशु पालन फर्म :-

आ) मझौला पशु पालन फर्म :-

इ) ठुला पशु पालन फर्म :-

पशु उत्पादन :- पशुहरुबाट उत्पादन हुने उपभोग गरिने पदार्थलाई पशु उत्पादन सम्झनु पर्दछ ।

फर्म दार्ता :- व्यावसायिक पशु पालन फर्मलाई नगरपालिका पशु सेवा शाखामा विधिवत रुपमा विवरण पेश गरी दर्ता गर्नु पर्नेछ ।

फर्म नविकरण :- व्यावसायिक पशु पालन फर्म स्थापना पश्चात निश्चित तोकिएको अवधि भित्र पुनः विधिवत रुपमा विवरण पेश गरी नविकरण गर्नुपर्नेछ ।

सिफारिश पत्र : निश्चित विषय वस्तुको बारेमा सम्बन्धित सरोकारवाला निकाय (कार्यालय/संघ संस्थामा) सहयोग सञ्चालनका लागी गरिने पत्राचारलाई सिफारिश पत्रबुझाउनु पर्नेछ ।

## ४. उद्वेश्य :-

क) नगरपालिका पशु सेवा शाखाबाट कृषक/फर्म/समुह/समितीलाई सेवा सुविधा व्यवस्थापन वापत राजश्व संकलन गरी राजश्वको दायरा भित्रल्याउने ।

ख) राजश्व बुझाउदा कृषक/फर्म/समुह/समितीमा अपनत्व अधिकार जागृत गर्ने ।

ग) सेवा सुविधा व्यवस्थापनलाई मर्यादित, व्यवस्थित बनाउन ।

घ) सेवा सुविधा व्यवस्थापनलाई नियमन गराउन ।

## ५. लक्ष्य :-

क) कृषक/सेवाग्राही राजश्व संकलन गर्ने ।

ख) कृषक फर्म/समुह/समितीलाई अपनत्व (Ownership) तथा अधिकार जागृत गर्ने ।

ग) सेवा सुविधालाई मर्यादित र व्यवस्थित बनाउने ।

घ) सेवा सुविधालाई नियमन गराउने ।

## ६. राजश्व संकलन दर भाउ

### क) उपचार सेवा :-

अ) घर पालुवा पशु

साना पशु प्रति पशु रु. ५।-

ठुला पशु प्रति पशु रु. १०।-

अति ठुला पशु प्रति पशु रु. २५।-

आ) जंगली पशु :-

ठुला पशु प्रति पशु रु. २५।-

अति ठुला पशु प्रति पशु रु. १५०।-

इ) सोखका लागी पालिने पशु :-

कुकुर, विरालो रु.२५।-

ई) पंक्षी :- रु. ५।-

कुखुरा, हाँस, बट्टाई, लौकट प्रतिगोटा रु. १।-
टर्की रु. ५।-, अष्ट्रिच रु. २५।-

**ख) रोग निदान :-**

अ) गोबर जाँचको प्रति पशु रु. १०।-
आ) दुध परिक्षण रु. १०।-
इ) रगतजाँच (हेमाचुरिया, बवोसिया) प्रतिपशु रु. २५।-

**ग) शव परिक्षण :-**

अ) कुखुरा, हाँस रु २५।-
आ) ठुला पंक्षी रु ५०।-
इ) साना पशु :-रु १५०।-
ई) ठुला पशु :- रु ५००।-

**घ) गर्भ परिक्षण :-** गाई, भैसी) प्रति पशु :- रु.५०।-

**ङ) कृत्रिम गर्भाधान सेवा कार्यक्रम :-**

अ) गाई, भैसी, बाखाप्रति पटक प्रति पशु रु ५०।-
आ) सेक्स सिमेनको वापतको शुल्क रु. ५००।- देखि रु. १५००।- (सेवा उपलब्ध भएमा)

**च) पशु बन्ध्याकरण शुल्क**

अ) राँगा , साँढे रु. २५।-
आ) बोका, थुमा रु. १०।-
इ) बंगुर, विर रु. २५।-

**छ) समुह दर्ता शुल्क रु.२५०।-**

**ज) समिती दर्ता शुल्क रु.५००।-**

**झ) पशु पालन फर्म/समिती दर्ता**

अ) साना फर्म दर्ता रु.५००।-
आ) मझौला फर्म दर्ता रु.७५०।-
इ) ठुला फर्म दर्ता रु. १०००।-

**ञ) नविकरण**

अ) समुह नविकरण रु. २५०।-
आ) समिती नविकरण रु. ५००।-
इ) साना फर्म नविकरण :-५००।-
ई) मझौला फर्म नविकरण :- ७५०।-
उ) ठुला फर्म नविकरण :- १०००।-

**ट) लागत स्टिमेटः-**

अ) साना कृषक (व्यक्ति) रु. १२५-
आ) साना फर्म रु.२५०।-
इ) मझौला फर्म रु. ५००।-
ई) ठुला फर्म रु.१०००।-

**ठ) सिफासि पत्र शुल्क रु. १२५।-**

**ड) प्राकृतिक गर्भाधान सेवा शुल्क**

समुह/समिती/फर्मले लिन सक्ने नगरपालिका/ प्रदेश/संघिय सरकारले उपलब्ध गराएको (राँगो/साँढे, बोका) बाट लिने शुल्क समुह/समिती बाहिर रु. १०००।-

राँगो/साँढे उन्नत भएमा (समुह/समितीभित्र) प्रति पशु रु. ५००।-

बोका/थुमा/विर) उन्नत भएमा (समुह/समिती भित्र) प्रति पशु रु. १००।-

समुह/समिती बाहिर रु. २००।-

बोयर बोका उन्नत भएमा (समुह/समिती भित्र) प्रति पशु रु. २००।-

समुह/समिती बाहिर रु. ५००।-

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत